आज मिति २०८१ साल असोज महिनाको २१ गतेका दिन विहान ८.०० बजे यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री टिकाराम पाण्डेज्युको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णय गरियो ।

**उपस्थिति**

अध्यक्ष- श्री टिकाराम पाण्डे
उपाध्यक्ष- श्री निरमाया तरामु
सदस्य- श्री अर्जुन कनौजे
सदस्य- श्री खड्गविर थापा
सदस्य- श्री जित वहादुर तरामु
सदस्य- श्री पिताम्वर ज्ञवाली
सदस्य- श्री ऋतुराम ज्ञवाली
सदस्य- श्री विष्णुप्रसाद भण्डारी
सदस्य- श्री लोकवहादुर वुढाथोकी
सदस्य- श्री होम वहादुर राना
सदस्य- श्री पतिराम वि.क.
सदस्य- श्री झना परियार
सदस्य- श्री माया कुमारी वि.क.
सदस्य- श्री सृजना कुमाल
सदस्य- श्री कमला पचभैया काउचा
सदस्य- श्री टोपली राना
सचिव- श्री कमल प्रसाद भुसाल

आमन्त्रित
श्री नेत्र प्रसाद पाण्डे (प्रशासन शाखा).
श्री आशिष भट्ट(ईञ्जिनियर)
श्री कविता गौतम ज्ञवाली
श्री विष्णु प्रसाद ज्ञवाली

वैठक संख्याः ४ मिति २०८१/०६/२१ गतेका प्रस्तावहरु

प्रस्ताव नं.१- अघिल्लो वैठकको समीक्षा सम्वन्धमा ।

प्रस्ताव नं.२- कवाडी सामानको संकलन तथा निकासीको लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा।

प्रस्ताव नं.७- विविध सम्वन्धमा । क) देविस्थान मन्दिर संरक्षण सम्वन्धमा ।

ख) मोले ठाँटी गोरेटो वाटो मर्मत सम्वन्धमा ।

ग) कभर्ड हल निर्माणको म्याद थप सम्वन्धमा ।

बैठक संख्याः ४ मिति २०८१/०६/२१ गतेका निर्णयहरु

निर्णय नं.१-प्रस्ताव नं.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा छलफल गर्दा मिति २०८१/०५/३१ गतेको बैठकमा भएका निर्णयहरुको बारेमा समीक्षा गरियो ।

निर्णय नं.२- प्रस्ताव नं. २ कवाडी सामानको संकलन तथा निकाशिको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाका सबै वडामा रहेका कवाडी सामानहरु संकलन तथा निकासीको लागि न्यूनतम रकम रु.५ लाख(भ्याट सहित) राखी १५ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ विविध (क) यस गाउँपालिका वडा नं. ६ मा रहेको देविस्थान मन्दिर संरक्षणको लागि रकम रु.८५,०००/ भैपरी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ विविध (ख) यस गाउँपालिका वडा नं. १ मा रहेको मोले ठाँटी गोरेटो वाटो मर्मतको लागि रकम रु.५०,०००/ भैपरी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ विविध (ग) यस गाउँपालिका वडा नं. ६ मा रहेको कभर्डहल निर्माणको काम गर्दै जाँदा भङ्गकसक्ष फलामको काम गर्न क्रेनको आवश्यकता भएको र नियमित वर्षाको कारणले heavy equipment हरु लगाउन नसकेकोले निर्माण कार्य तोकिएको म्यादभित्र सम्पन्न गर्न नसकिने अवस्था सृजना भएकोले मिति २०८१/०५/२० मा निभिका निर्माण सेवा प्रा.लि.का सञ्चालक श्री निरञ्जन आचार्यले म्याद थप गरिपाउँ भनी कार्यालयमा निवेदन पेस गर्नु भएकोले उक्त काम सम्पन्न गर्न लाग्ने म्याद समाप्त भएको मितिले २०८१ असोज १५ गतेदेखि २०८१ पौष १५ गतेसम्म ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner

आज मिति २०८१ साल कार्तिक महिनाको ९ गतेका दिन बिहान ८.०० बजे यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री टिकाराम पाण्डेज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष- श्री टिकाराम पाण्डे
उपाध्यक्ष- श्री निरमाया तरामु
सदस्य- श्री अर्जुन कनौजे
सदस्य- श्री खड्गविर थापा
सदस्य- श्री जित वहादुर तरामु
सदस्य- श्री पिताम्वर ज्ञवाली
सदस्य- श्री वावुराम ज्ञवाली
सदस्य- श्री विष्णुप्रसाद भण्डारी
सदस्य- श्री लोकवहादुर वुढाथोकी
सदस्य- श्री होम वहादुर राना
सदस्य- श्री पतिराम वि.क.
सदस्य- श्री झना परियार
सदस्य- श्री माया कुमारी वि.क.
सदस्य- श्री सृजना कुमाल
सदस्य- श्री कमला पचभैया काउचा
सदस्य- श्री टोपली राना
सचिव- श्री कमल प्रसाद भुसाल

आमन्त्रित:

श्री नेत्र प्रसाद पाण्डे (प्रशासन शाखा)
श्री आशिष भट्ट(ईञ्जिनियर)
श्री सुजित पाण्डे श्री. प्र. प्र. अ.
श्री कबिराज गौतम ज्ञवाली
श्री विष्णु प्रसाद ज्ञवाली

वैठक संख्याः ५ मिति २०८१/०७/०९ गतेका प्रस्तावहरु

प्रस्ताव नं.१- अघिल्लो वैठकको समीक्षा सम्वन्धमा।

प्रस्ताव नं.२-दाङ्गिसङ्ग्रा आमा समूहको भवनको पाली तथा शौचालय निर्माणको लागि वजेट व्यवस्था गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.३-अरुङ्गा चुकाहा सिंचाई कुलो मर्मतको लागि वजेटको व्यवस्था गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.४-कभर्ड हल निर्माणको ल.ई. संशोधन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.५-कभर्ड निर्माणको भेरियसन स्वीकृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.६-रकम रकमान्तर गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.७-विविध सम्वन्धमा क) गणेश आ.वि.को भान्सा कोठा निर्माण सम्वन्धमां।

ख) गाडी पार्किङ्ग स्थलको जग्गा भाडामा लिने सम्वन्धमा।

ग) योजना तथा कार्यक्रमहरुको ल.इ. स्वीकृत गरी बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने सम्बन्धमा।

बैठक संख्या: ५ मिति २०८१/०७/०९ गतेका निर्णयहरु

निर्णय नं. १- प्रस्ताव नं.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा छलफल गर्दा मिति २०८१/०६/२१ गतेका दिन भएको बैठकको निर्णयहरुको बारेमा छलफल गरियो ।

प्रस्ताव नं.२- वडा नं. ३ मा रहेको दाङ्गिसङ्गा आमा समूहको भवनको पाली तथा शौचालय निर्माणको लागि बजेट व्यवस्था गर्ने सम्बन्धमा छलफल गर्दा उक्त भवनको पाली तथा शौचालय निर्माणको लागि प्राविधिक लागत अनुमानको आधारमा रकम रु.७०,०००/ भैपरी शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३-प्रस्ताव नं.३ अरुङ्गा चुकाहा सिंचाई कुलो मर्मतको लागि बजेटको व्यवस्था गर्ने सम्बन्धमा छलफल गर्दा प्राविधिक ल.ई.को आधारमा रकम रु.७८,५३५/ सिंचाई कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४- प्रस्ताव नं.४-कभर्ड हल निर्माणको ल.ई. संशोधन गर्ने सम्बन्धमा छलफल गर्दा उक्त कार्य गर्नको लागि १६ वटा ठाडो पोष्ट थप गर्ने र पहिले तयार गरेको ल.ई. मा रु.९,२७,२८८.९० थप गरी तयार भएको ल.ई. रु.१,२३,४४,०६४.४५(एक करोड तेइस लाख चवालिस हजार चौसठ्ठी पैसा पैंतालिस मात्र ) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.५- प्रस्ताव नं.५-कभर्ड हल निर्माणको भेरियसन स्वीकृत गर्ने सम्बन्धमा छलफल गर्दा कभर्ड हल निर्माण गर्दा पुरानो २४ वटा १२x१२ को कंक्रिट पिल्लर रहेको, कंक्रिट पिल्लरको उचाई करिब ३० फिट हुने हुँदा उक्त पिल्लरले लोड धान्न नसक्ने हुँदा ठाडो फलामे ञ्तख ३०० को १६ वटा ठाडो पोष्ट दिनु पर्ने आवश्यक देखिएको हुँदा फलामको परिमाण थप गर्नु परेकोले उल्लेखित थप कार्यसमेतको लागि रु.१,२३,४४,०६४।४५ (अक्षरेपी एक करोड तेइस लाख चौवालिस हजार चौसठ्ठी रुपैंया, पैंतालिस पैसामात्र) (मू.अ.कर र पि.एस सहित) को संशोधित ल.ई. तयार भएको ।

पहिले सम्झौता भएको रकम रु. ७३,५८,५०२।६९ (मू.अ.कर र प.एस सहित) मा रु ७,३४,७११।५४ थप भई जम्मा रु ८०,९३,२१४।२३ (अक्षरेपि असी लाख त्रियान्नब्बे हजार दुई सय चौध रुपैंया, तेइस पैसा मात्र) लाग्ने देखिएकोले उक्त भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा "सार्वजनिक खरिद ऐन,२०६३" को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकेको परिस्थिती सिर्जना भई ऐनको दफा ५४ बमोजिम भेरियसन आदेश जारी गर्नुपर्ने भएकोले आवश्यक प्रक्रिया पुरा गरी थप हुन गएको रकम रु. ७,३४,७११।५४ (९.९८%) को भेरियसन स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं.६- प्रस्ताव नं. ६ रकम रकमान्तर सम्वन्धमा छलफल गर्दा जुनियाँ स्वास्थ्य चौकी भवन निर्माणको लागि रकम अपुग भएकोले प्रशासकीय भवन निर्माण शीर्षकवाट रु.५ लाख र लागत सहभागिता शीर्षकवाट रकम रु.५ लाख गरी जम्मा रकम रु.१० लाख जुनियाँ स्वास्थ्य चौकी भवन निर्माण शीर्षकमा रकमान्तर गरी उपलव्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.७- विविध क) सम्वन्धमा श्री श्रीगणेश आधारभूत विद्यालयको भान्सा कोठा निर्माणको लागि वजेट व्यवस्थापन सम्वन्धमा छलफल गर्दा प्राविधिकको लागत अनुमान अनुसार रकम रु.१,७०,८५०/ विद्यालय भौतिक पूर्वाधार निर्माण शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

विविध ख) सम्वन्धमा गाडी पार्किङ्ग स्थल व्यवस्थापनको लागि सत्यवती गाउँपालिका वडा नं. ६ वस्ने पुष्टकला ढकालको साविक जोहाङ्ग गा.वि.स. वडा नं. ५ मा रहेको कि.नं. २१३४ को क्षेत्रफल २-६-०-१ मध्ये ०-६-२-० जग्गा मिति २०८१/०८/०१ गतेदेखि लागु हुने गरी मासिक रु. ५५०/ दिने गरी भाडा सम्झौता निर्णय गरियो ।

विविध ग) योजना तथा कार्यक्रमहरुको ल.इ. स्वीकृत गरी बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने सम्बन्धमा छलफल गर्दा निम्नानुसारका योजनाहरुको ल.इ. स्वीकृत गरी बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | ठेगाना | ल.इ. रकम |
|---|---|---|---|
| १ | छत्तीमबोट-हँसरा-विर्मी मो.वा. स्तरोन्नती | सत्यवती-५ | १३३१९५७.४८ |
| २ | रमबारी सिंचाइ योजना, वाटक, रुद्रवेणी, रामबारी सिंचाइ कुलो मर्मत, चौर ५,६,७ सिंचाइ योजना | सत्यवती-१ | १६८८५४४.०८ |
| ३ | द्वागा मो.वा. स्तरोन्नती र मचाकोट नाली निर्माण तथा द्वागा बाटो मर्मात | सत्यवती-१ | १४५९५८४.१२ |
| ४ | लक्ष्मीनारणय मन्दिर तथा कमलाक्षसुरी आश्रम निर्माण | सत्यवती -६ | १३९९३६८.२० |
| ५ | जोहाङ्ग प्राथमिक स्वास्थ्य चौकी पुँजीगत सुधार | सत्यवती-६ | १४९६२६०.८२ |
| ६ | चेहेमी सिंचाइ कुलो मर्मत र पाहादी सिंचाइ कुलो मर्मत | सत्यवती-२ | १२८८५५४.०८ |
| ७ | साहाघाट-लिम्घा सडक स्तरोन्नती | सत्यवती-४ | २७२३८१६.५५ |
| ८ | अस्लेवा स्वास्थ्य चौकी ट्रस निर्माण | सत्यवती-१ | १२'७६५०८.९३ |

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोखाङ्ग, गुल्मी

आज मिति २०८१ साल मंसिर महिनाको १२ गतेका दिनको विहान ८.०० वजे यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको वैठक अध्यक्ष श्री टिकाराम पाण्डेज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा वसी तपसिल वमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

अध्यक्ष- श्री टिकाराम पाण्डे

उपाध्यक्ष- श्री निरमाया तरामु

सदस्य- श्री अर्जुन कनौंजे

सदस्य- श्री खड्गविर थापा

सदस्य- श्री जित वहादुर तरामु

सदस्य- श्री पिताम्वर ज्ञवाली

सदस्य- श्री वावुराम ज्ञवाली

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकवहादुर वुढाथोकी

सदस्य- श्री होम वहादुर राना

सदस्य- श्री पतिराम वि.क.

सदस्य- श्री झना परियार

सदस्य- श्री माया कुमारी वि.क.

सदस्य- श्री सृजना कुमाल

सदस्य- श्री कमला पचभैया काउचा

सदस्य- श्री टोपली राना

सचिव- श्री कमल प्रसाद भुसाल

आमन्त्रित:

श्री नेत्र प्रसाद पाण्डे (प्रशासन शाखा)

श्री आशिष भट्ट(ईञ्जिनियर)

श्री हिरलाल भण्डारी

श्री धन बहादुर थापा

श्री कविता गौतम भण्डारी

श्री विष्णु प्रसाद ग्यावली

**वैठक संख्याः ६ मिति २०८१/०८/१२ गतेका प्रस्तावहरु**

प्रस्ताव नं.१- अघिल्लो वैठकको समीक्षा सम्वन्धमा।

प्रस्ताव नं.२- लघु उद्यमको नयाँ वडा छनोट गर्ने सम्वन्धमा।

प्रस्ताव नं.३- प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धमा।

प्रस्ताव नं.४- विमाका लाभग्राही छनोट गर्ने सम्वन्धमा।

प्रस्ताव नं.५- सडक वोर्ड नेपालको लागि योजना छनोट गर्ने सम्वन्धमा।

प्रस्ताव नं.६- सुरक्षित गर्भपतनको लागि अनुमति दिने सम्वन्धमा।

प्रस्ताव नं.७-सरस्वती मा.वि. सत्यवती-६ जोहाङ्ग गुल्मीको शिक्षालय सुधार योजना कार्यान्वयनको लागि आवश्यक रकम लागत साझेदारीको लागि सुनिश्चित गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.८- खैरेनी जोहाङ्ग भार्से सडकको dpr गर्ने सम्वन्धमा।

प्रस्ताव नं.९- विविध सम्वन्धमा

क) दुर्घटनाको लागि आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

ख) छालाको रोगसम्वन्धि आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

ग) एकसिं मा.वि.को वाल निर्माणको लागि रकम उपलव्ध गराउने सम्वन्धमा ।

घ) रकम रकमान्तर सम्वन्धमा ।

ङ) बिडौरी सिंचाई कुलो मर्मतको लागि रकम उपलव्ध गराउने सम्वन्धमा ।

च) खुट्टा भाचिएको व्यक्तिलाई आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

छ) डिलाटुङ्ग र सत्यवती मा.वि.को खा.पा. व्यवस्थापनको लागि रकम उपलव्ध गराउने सम्वन्धमा ।

CamScanner

**वैठक संख्या: ६ मिति २०८१/०८/१२ गतेका प्रस्तावहरु**

प्रस्ताव नं.१- अघिल्लो वैठकको समीक्षा सम्वन्धमा।

प्रस्ताव नं.२- लघु उद्यमको नयाँ वडा छनोट गर्ने सम्वन्धमा।

प्रस्ताव नं.३- प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धमा।

प्रस्ताव नं.४- विमाका लाभग्राही छनोट गर्ने सम्वन्धमा।

प्रस्ताव नं.५- सडक वोर्ड नेपालको लागि योजना छनोट गर्ने सम्वन्धमा।

प्रस्ताव नं.६- सुरक्षित गर्भपतनको लागि अनुमति दिने सम्वन्धमा।

प्रस्ताव नं.७-सरस्वती मा.वि. सत्यवती-६ जोहाङ्ग गुल्मीको शिक्षालय सुधार योजना कार्यान्वयनको लागि आवश्यक रकम लागत साझेदारीको लागि सुनिश्चित गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.८- खैरेनी जोहाङ्ग भार्से सडकको dpr गर्ने सम्वन्धमा।

प्रस्ताव नं.९- विविध सम्वन्धमा

क) दुर्घटनाको लागि आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

ख) छालाको रोगसम्वन्धि आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

ग) एकसिं मा.वि.को वाल निर्माणको लागि रकम उपलव्ध गराउने सम्वन्धमा ।

घ) रकम रकमान्तर सम्वन्धमा ।

ङ) बिडौरी सिंचाई कुलो मर्मतको लागि रकम उपलव्ध गराउने सम्वन्धमा ।

च) खुट्टा भाचिएको व्यक्तिलाई आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

छ) डिलाटुङ्ग र सत्यवती मा.वि.को खा.पा. व्यवस्थापनको लागि रकम उपलव्ध गराउने सम्वन्धमा ।

बैठक संख्या: ६ मिति २०८१/०८/१२ गतेका निर्णयहरु

निर्णय नं.१- प्रस्ताव नं.१- अघिल्लो बैठकको समीक्षा सम्बन्धमा छलफल गर्दा मिति २०८१/०७/०९ गतेको बैठकमा भएको निर्णयहरुको बारेमा समीक्षा गरियो ।

निर्णय नं. २- प्रस्ताव नं.२- लघु उद्यमको नयाँ वडा छनोट गर्ने सम्बन्धमा छलफल गर्दा आ.व. ०८१/०८२ मा यस गाउँपालिका वडा नं. ७ को चिदीपानीमा लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३- प्रस्ताव नं.३- प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा छलफल गर्दा आ.व. ०८१/०८२ मा निम्नानुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु

| वडा नम्बर:१ | | प्राथमिकताक्रम |
|---|---|---|
| सि.नं. | आयोजनाको नाम | |
| १ | वडा कार्यालय जाने मोटरबाटो ढलान तथा पैदलमार्ग मर्मत | |
| २ | रामवारी शिवालय मन्दिर जाने भित्री मोटरबाटो ढलान | |
| ३ | गाउँ मोटरबाटोदेखि हुगेली पोखरा जाने गोरेटोबाटो मर्मत सम्हार | |
| ४ | कोल्डाडा हुँदै आ.वि. सम्म जाने बाटो मर्मत | |
| वडा नम्बर:२ | | |
| सि.नं. | आयोजनाको नाम | |
| १ | साङ्दी पधेरादेखि उपल्लो साङ्दी पदमार्ग | |
| २ | गारेघर मोटरबाटोदेखि ट्रान्सफर्मरसम्म जाने मोटरबाटो | |
| ३ | मेहेलडाँडा आरनटोल मोटरबाटो ढलान | |
| वडा नम्बर:३ | | |
| सि.नं. | आयोजनाको नाम | |
| १ | ठूलोलुम्पेक स्वास्थ्य चौकी जाने मोटरबाटो स्तरोन्नती | |
| २ | ठूलोलुम्पेक कसिन्थला कुटडाँडा मोटरबाटोको छिसखोला सिमरादी खण्ड स्तरोन्नति | |
| ३ | चुचुल्की जिरोदेखि मनकामना स्कूलसम्म मोटरबाटो स्तरोन्नति | |
| ४ | गोगलपुर आ.वि. देखि गगौरी मोटरबाटो ढलान | |
| वडा नम्बर:४ | | |
| सि.नं. | आयोजनाको नाम | |

| | |
|---|---|
| १ | सरस्वती मा.वि. आउने ठाडोबाटो ढलान |
| २ | स्वास्थ्य चौकीदेखि सत्यवती जाने बाटो खासुको घर तल मोटरबाटो ढलान |
| ३ | पिपलडाँडा ठाडो बाटो घुम्ती ढलान |

वडा नम्बर:५

| सि.नं. | आयोजनाको नाम |
|---|---|
| १ | उपल्लो ढाड जाने मोटरबाटो घुम्ती ढलान |
| २ | खैरेनी पूलदेखि वडा कार्यालय हुँदै क्याम्पससम्मको मोटरबाटो ढलान |
| ३ | छतिनबोट विर्मि मोटरबाटो ढलान |

वडा नम्बर:६

| सि.नं. | आयोजनाको नाम |
|---|---|
| १ | उल्लीखोला देखि बाँसपाटसम्म मोटरबाटो ढलान |
| २ | सोदीखोला मोटरबाटो ढलान |
| ३ | गणेश आ.वि. को तलको ठाडो उकालो बाटो ढलान |

वडा नम्बर:७

| सि.नं. | आयोजनाको नाम |
|---|---|
| १ | चोरकाटे चिदीपानी जुनियाँ मोटरबाटो स्तरोन्नति |
| २ | भल व्यवस्थापन तथा कूलो निर्माण योजनाहरु |
| ३ | सालघारी गोरेटोबाटो निर्माण |

वडा नम्बर: ८

| सि.नं. | आयोजनाको नाम |
|---|---|
| १ | होमस्टे जाने मोटरवाटो ढलान |
| २ | भार्से दवुङ्ग मोटरवाटो चिहेरेडाँडा खण्ड पि.पि.सि. ढलान |
| ३ | भार्से दवुङ्ग मोटरवाटो काफलडाँडा खण्ड पि.पि.सि. ढलान |

निर्णयनं. ४- प्रस्ताव नं.४- विमाका लाभग्राही छनोट गर्ने सम्वन्धमा छलफल गर्दा आ.व. ०८१/०८२ मा निम्नानुसारका ८० जना अति विपन्न लाभग्राहीहरुलाई छनोट गर्ने तथा प्रति परिवार रकम रु.३५००/ विमा वापत उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | ठेगाना | क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|---|---|---|
| १ | पोष बहादुर चौहान | सत्यवती-१ | ४१ | बावुलाल बि.क. | सत्यवती-५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | दीलमाया श्रीस चुहान | सत्यवती १ | ४२ | विष्णु दमाई | सत्यवती-५ |
| ३ | रामु घर्ती | सत्यवती-१ | ४३ | राम बहादुर घर्ती | सत्यवती-५ |
| ४ | बसन्ती घर्ती | सत्यवती-१ | ४४ | लक्ष्मी दमाई | सत्यवती-५ |
| ५ | सुमित्रा घर्ती | सत्यवती-१ | ४५ | खगेश्वर न्यौपाने | सत्यवती-५ |
| ६ | हरि प्रोखरेल | सत्यवती-१ | ४६ | कमल परियार | सत्यवती-५ |
| ७ | सन्त बहादुर वि.क. | सत्यवती-१ | ४७ | नारायण भण्डारी | सत्यवती-५ |
| ८ | लक्ष्मण कुँवर | सत्यवती-१ | ४८ | धनश्याम बुढाथोकी | सत्यवती-५ |
| ९ | धन बहादुर चुहान | सत्यवती-१ | ४९ | कृष्ण बहादुर थापा | सत्यवती-५ |
| १० | चन्द्र बहादुर चुहान | सत्यवती-१ | ५० | बाबुराम गोर्खाली | सत्यवती-५ |
| ११ | शोभाखर कुँवर | सत्यवती-२ | ५१ | राम बहादुर खत्री | सत्यवती-६ |
| १२ | राम बहादुर वि.क. | सत्यवती-२ | ५२ | डिलाराम भुसाल | सत्यनती-६ |
| १३ | यम बहादुर कुँवर | सत्यवती-२ | ५३ | थम्मन बहादुर वि.क. | सत्यवती-६ |
| १४ | घन बहादुर तरामु | सत्यवती-२ | ५४ | विष्णु बहादुर पुन | सत्यवती-६ |
| १५ | बाबुराम नेपाली | सत्यवती-२ | ५५ | लक्ष्मी वि.क. | सत्यवती-६ |
| १६ | पवित्रा सुनार | सत्यवती-२ | ५६ | अनिसा सुनार | सत्यवती-६ |
| १७ | रमकली दमै | सत्यवती-२ | ५७ | निर्मला वि.क. | सत्यवती-६ |
| १८ | गुने राना | सत्यवती-२ | ५८ | टिकाराम ढकाल | सत्यवती-६ |
| १९ | सुर्जे तरामु | सत्यवती-२ | ५९ | विष्णु प्रसाद ढकाल | सत्यवती-६ |
| २० | चुरा बहादुर फौजा | सत्यवती-२ | ६० | लक्ष्मी दमाई | सत्यवती-६ |
| २१ | केशर कामी | सत्यवती-३ | ६१ | रोम बहादुर सेन | सत्यवती-७ |
| २२ | देव बहादुर सिंजाली | सत्यवती-३ | ६२ | समान सिं दमाई | सत्यवती-७ |
| २३ | रामलाल सुनार | सत्यवती-३ | ६३ | चन्द्र बहादुर थापा | सत्यवती-७ |
| २४ | विनय सुनार | सत्यवती-३ | ६४ | राम बहादुर दमाई | सत्यवती-७ |
| २५ | भावना राना | सत्यवती-३ | ६५ | अन्नत बहादुर दमाई | सत्यवती-७ |
| २६ | उममाया पुलामी | सत्यवती-३ | ६६ | जुना सार्की | सत्यवती-७ |
| २७ | रन बहादुर तरामु | सत्यवती-३ | ६७ | टेक बहादुर घर्ती मगर | सत्यवती-७ |
| २८ | खग बहादुर पुलामी | सत्यवती-३ | ६८ | राम बहादुर आले | सत्यवती-७ |
| २९ | दीना तरामु | सत्यवती-३ | ६९ | पुष्पा सारु | सत्यवती-७ |
| ३० | रइ सिं पुलामी | सत्यवती-३ | ७० | माया परियार | सत्यवती-७ |
| ३१ | दुर्गा कामी | सत्यवती-४ | ७१ | गणेश पुन | सत्यवती-८ |
| ३२ | बाटुली कामी | सत्यवती-४ | ७२ | रविलाल गलामी | सत्यवती-८ |
| ३३ | टिका देवी वि.क. | सत्यवती-४ | ७३ | पूर्णकला काउचा | सत्यवती-८ |
| ३४ | हरिकला कामी | सत्यवती-४ | ७४ | रजमा पुन | सत्यवती-८ |
| ३५ | यम बहादुर पल्ली | सत्यवती-४ | ७५ | दिला वि.क. | सत्यवती-८ |
| ३६ | पुष्प ज्ञवाली उपाध्याय | सत्यवती-४ | ७६ | बोम बहादुर राना | सत्यवती-८ |
| ३७ | वेनी पल्ली | सत्यवती-४ | ७७ | माया काउचा | सत्यवती-८ |
| ३८ | चन्द्रमणि ज्ञवाली | सत्यवती-४ | ७८ | बल बहादुर श्रीस | सत्यवती-८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | पिताम्वर क्षेत्री | सत्यवती-४ | ७९ | सुमित्रा रोक्से | सत्यवती-८ |
| ४० | बम बहादुर खत्री | सत्यवती-४ | ८० | रिता वि.क. | सत्यवती-८ |

निर्णयनं. ५-प्रस्ताव नं.५- सडक वोर्ड नेपालको लागि योजना छनोट गर्ने सम्वन्धमा छलफल गर्दा सडक वोर्ड नेपालको च.नं. ४३९ मिति २०८१/०६/१३ को पत्रमा यस गाउँपालिकाको स्थानीय सडक मर्मत सम्भार शीर्षकमा रकम रु. १६ लाख स्वीकृत गरी पठाएको र सो को लागि साहघाट लिम्घा सडक अन्तर्गत मौरी ओडारदेखि सिस्ने खण्डमा खर्च गर्ने र समपुरक कोषको लागि ४१.२६% ले हुन आउने रकम रु ११,२३,८१६.५५ सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६-प्रस्ताव नं.६- सुरक्षित गर्भपतनको लागि अनुमति दिने सम्वन्धमा छलफल गर्दा जोहाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत अ.न.मि. सरिता पुरी मगरले सो सम्वन्धी तालिम लिएकोले निजलाई सो कार्य गर्न अनुमती दिने निर्णय गरियो ।

निर्णय नं. ७-प्रस्ताव नं.७-सरस्वती मा.वि. सत्यवती-६ जोहाङ्ग गुल्मीको शिक्षालय सुधार योजना कार्यान्वयनको लागि आवश्यक रकम लागत साझेदारीको लागि सुनिश्चित गर्ने सम्वन्धमा छलफल गर्दा सो को लागि आवश्यक रकम लागत साझेदारीको लागि सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं. ८-प्रस्ताव नं.८- खैरेनी जोहाङ्ग भार्से सडक तथा साहघाट लिम्घा मसिना सडकको DPR गर्ने सम्वन्धमा छलफल गर्दा उक्त सडकको DPR रकम रु. भित्र रहेर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९- विविध सम्वन्धमा । क) यस गाउँपालिका वडा नं. ४ वस्ने सिता भट्टराई पाण्डेले मेरो श्रीमान देवी प्रसाद पाण्डेको दुर्घटनामा परी दुवै खुट्टा भाँचिएको र उपचारको क्रममा धेरै रकम खर्च भएको तर मेरो आर्थिक अवस्था निकै कमजोर भएकोले आर्थिक सहायोग पाउँ भनी मिति २०८१/०५/०९ मा यस कार्यालयमा निवेदन दिनुभएको र सो सम्वन्धमा कार्यपालिकाको वैठकमा व्यापक छलफल भई उपचारमा धेरै नै रकम खर्च भएपनि आर्थिक सहायता स्वरुप रकम रु.६२,५००/ मात्र उपलव्ध गराउने निर्णय गरियो ।

ख) सत्यवती गाउँपालिका वडा नं. ५ वस्ने राधिका ज्ञवालीलाई छाला सम्वन्धी रोग (pemphigus vulgaris and DIF positive) लागि उपचारको लागि काठमाण्डौ र दिल्ली समेत पुगेको र एउटै इन्जेक्सनलाई ८५,०००/ लाग्ने र एक हप्तासम्म लगाउनु पर्ने तथा काठमाण्डौ र दिल्ली जाँदा आउदा धेरै रकम खर्च भएको र मेरो घरको आर्थिक अवस्था एकदमै कमज़ोर भएकोले आर्थिक सहयोग पाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएको र सो सम्वन्धमा कार्यपालिका वैठकमा व्यापक छलफल भई

उपचारमा धेरै रकम खर्च भए पनि आर्थिक सहायता स्वरुप रु.८५,०००/ मात्र उपलब्ध गराउने निर्णय गरियो ।

ग) सत्यवती गाउँपालिका वडा नं. ४ मा अवस्थित श्री एकसिं मा.वि.कम्पाउण्ड वाल मर्मतको लागि रकम रु.१,३७,०००/ विद्यालय भौतिक पूर्वाधार शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

घ) अपाङ्गता सहायता सामग्री वितरण कार्यक्रममा रकम नपुग भएकोले रकम रु.२०,०००/ भैपरी शीर्षकवाट उक्त शीर्षकमा रकम रकमान्तर गर्ने निर्णय गरियो ।

ङ) सत्यवती गाउँपालिका वडा नं. ६ मा रहेको विडौरी सिंचाई कुलो वर्षाको समयमा क्षति हुन गई सिंचाईमा समस्या भएकोले सो को मर्मतको लागि रकम रु.९८,२०५/ सिंचाई शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

च) सत्यवती गाउँपालिका वडा नं. ५ वस्ने भानुभक्त ढकालको कामको सिलसिलामा देव्रे खुट्टा दुई ठाउँ भाँचिएको र लुम्विनी प्रादेशिक अस्पताल वुटवलमा उपचार गराई रहेको तथा उपचारमा धेरै रकम खर्च भईसकेको र निजको घरको आर्थिक अवस्था एकदमै कमजोर भएकोले निजलाई आर्थिक सहयता स्वरुप रकम रु.२५,०००/ उपलब्ध गराउने निर्णय गरियो ।

छ) डिलाटुङ्ग र सत्यवती मा.वि.को खा.पा. व्यवस्थापनको लागि रकम उपलब्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. २ को डिलाटुङ्ग घाटमा खा.पा. व्यवस्थापनको लागि रकम रु. ३४,५०८/ र सत्यवती मा.वि. हँसराको खा.पा. व्यवस्थापनको लागि रकम रु.१५,३४६/ खानेपानी तथा सरसफाई शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।